भेरीगंगा नगरपालिका
जल/ृद्द{णद्दतथ्र्द्द]द्दद्द{थद्द
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०२ संख्याः १६ मितिः २०७८/०३/२९ गते**

**भाग–२**

**भेरीगंगा नगरपालिका**

## नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूचि ८ को स्थानीयतहको एकल अधिकार अन्तर्गत स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) क, ले दिएको अधिकार प्रयोग गरी भेरीगंगा नगरपालिकाले यो “नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०७८” तर्जुमा गरी लागू गरेको छ ।

### परिच्छेद-१

१. **संक्षिप्तनाम र प्रारम्भः**
   क. यो कार्यविधिको नाम “नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०७८” रहेको छ ।
   ख. यो कार्यविधि भेरीगंगा नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः
   क. “संविधान” भन्नाले नेपालको संविधान (२०७२) सम्झनु पर्नेछ ।
   ख. “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्नेछ ।
   ग. “नगरपालिका”भन्नाले भेरीगंगा नगरपालिकालाई सम्झनु पर्नेछ ।

घ. “कार्यालय”भन्नाले भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

ङ. “समिति”भन्नाले नगर कार्यपालिकाद्धारा गठित नगर प्रहरी छनौट गर्ने समिति सम्झनुपर्नेछ ।

च. “सभा”भन्नाले भेरीगंगा नगरपालिका नगर सभा सम्झनु पर्नेछ ।

छ. “कार्यपालिकाको बैठक”भन्नाले भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको बैठक सम्झनु पर्नेछ ।

ज. “प्रमुख प्रशासकीय अधिकृत”भन्नाले भेरीगंगा नगरपालिकाको प्रशासकीय कामकाज गर्न तोकिएको प्रशासकीय प्रमुख सम्झनु पर्नेछ ।

झ. “आर्थिक वर्ष” भन्नाले श्रावण १ गते देखि सुरु भई आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्नेछ ।

ञ. “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले नगरपालिको समय समयमा निर्णय गरी तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्नेछ ।

ट. “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरीको रुपमा कार्यरत सम्पूर्ण कर्मचारी सम्झनु पर्नेछ ।

ठ. “समिति” भन्नाले भेरीगंगा नगरपालिकाको नगर प्रहरी पदपूर्ति समितिलाई सम्झनु पर्नेछ ।

**३. कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्ने :**

क. कुनै अधिकारीले यस कार्यविधिको प्रयोगगर्दा कुनै नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

ख. कार्यविधिको उपनियम ३ (क) को सम्बन्धमा नगर कार्यपालिका बैठकले ३० (तीस) दिनभित्रमा निर्णय गरी सक्नु पर्नेछ ।

## परिच्छेद-२

**४. नगर प्रहरीको गठन :** (१) नगरपालिकामा एक नगर प्रहरी सेवा रहनेछ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीको संख्या नगर सभाले तोकेबमोजिम हुनेछ ।

(२) नगर प्रहरी पदको सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौज्जुदा दरवन्दीले गप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट हुने गरी नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

**५. नगरपालिकामा रहने नगर प्रहरीको पद र तह :** (१) नगर प्रहरीको संख्या संगठन संरचनाको निश्चित पदसोपान तथा कमाण्डरको मातहतमा हुनेछ ।

(२) नगर प्रहरी नायब निरिक्षकको कमाण्डमा १२ देखि १५ जना सम्मको लागि भेरीगंगा नगरपालिका नगर प्रहरीको पदहरु निम्नबमोजिम हुनेछन् ।

| | |
|---|---|
| (क) नगर प्रहरी निरिक्षक | १ जना |
| (ख) नगर प्रहरी सहायकनिरिक्षक | १ जना |
| (ग) नगर प्रहरी हवल्दार | १ जना |
| (ङ) नगर प्रहरी जवान | ३ जना (२ पुरुष १ महिला) |

(३) नगरपालिकाले आवश्यक मापदण्ड बनाई प्रत्येक पदको कार्यविवरण लागू गर्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व र अधिकार समेत उल्लेख गरिनेछ ।

(४) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार नगर प्रहरी कार्यविवरणमा तोकिएबमोजिम हुनेछ ।

(५) नगर प्रहरी मापदण्ड नबने सम्मको लागि प्रमुख प्रशासकीय अधिकृतले तोकेबमोजिम नै हुनेछ ।

(६) नगर प्रहरीको संख्या निर्धारण गर्दा हाल कार्यरत नगर प्रहरी कर्मचारी हरुको संख्यालाई समेत कूल संख्या अन्तर्गत नै समावेश गरिनेछ ।

(७) कार्यविधिको नियम १० बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने, परीक्षाको किसिम तोक्ने, खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्यादपन्ध्र दिन तोकि पत्रिकामा विज्ञापन प्रकाशन गर्ने कार्य नगर कार्यपालिकाको कार्यालयले गर्नेछ ।

## परिच्छेद-३

**४. छनौट समितिः** (१) प्रमुख प्रशासकीय अधिकृत वानिजले तोकेको अधिकृतस्तर को कर्मचारीको संयोजकत्त्वमा देहायबमोजिमको एक प्रहरी छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वानिजले तोकेको अधिकृतस्तरको कर्मचारी - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको विषय विशेषज्ञता भएको अधिकृतस्तर को कर्मचारी १ जना - सदस्य

(घ) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि १ जना - सदस्य

(ङ) प्रदेश प्रहरी तालिम केन्द्र कर्णाली प्रदेश, सुर्खेत (हाल नेपालगञ्ज) बाट तोकिएको अधिकृत प्रतिनिधि १ जना - सदस्य

(च) भेरीगंगा नगरपालिका प्रशासन शाखा प्रमुख - सदस्य सचिव

**७. छनौट समितिको काम, कर्तव्य र अधिकार :**

(१) छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मान्ने र आवश्यकता अनुसार छनौट समितिले पाठ्यक्रम हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिनेछ ।

(ख) पदपूर्ति कार्यतालिका बनाउने ।

(ग) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नजिता प्रकाशन गर्ने ।

(घ) नियुक्तीको लागि सिफारिस गर्ने ।

(ङ) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा छनौट समितिले गर्ने भनी तोकिएका पदपूर्तिसाग सम्बन्धित अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने आवश्यकता अनुसार कार्य विधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

**८. योग्यताक्रम सूची तयार गर्ने :**

(१) उम्मेद्‌वारहरुले दिइएको परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी छनौट समितिले नियुक्ति/सम्झौताको लागि सिफासिर गर्नेछ । कूल रिक्त पदको बढीमा १५ प्रतिशत सम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेद्‌वार राखिनेछ ।

(२) कार्यविधिको नियम ८ (१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई छनौट समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।







(३) नियुक्ति/सम्झौताको लागि सिफारिस भएको मितिले पैंतीस (३५) दिन भित्र नगर कार्यपालिकाले नियुक्ति/सम्झौतापत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) कार्यविधिको नियम ८ (३) बमोजिम निर्णय भएको मितिले सात (७) दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनु पर्नेछ ।

(५) नयाा नियुक्ति हुने नगर प्रहरी कर्मचारीले सिफारिसको सूचना प्रकाशन भएको मितिले पैंतीस (३५) दिनभित्र नियुक्ति लिई सक्नु पर्नेछ, उक्त समयावधिमा नियुक्ति नलिएमा योग्यताक्रम अनुसार वैकल्पिक उम्मेद्‌वार लाई उक्त पदमा सिफारिस गरिनेछ ।

(६) जेष्ठताक्रम कायम गर्नेः (१) नगर प्रहरी जेष्ठताक्रम कायम गर्दा निजहरुको सिफारिस हुादाको योग्यताक्रम र आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

**९. नियुक्ति गर्ने अधिकारी :** छनौट समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी कर्मचारीहरुको नियुक्ति गर्नेछ ।

## परिच्छेद-४

**१०. खुल्ला पदपूर्तिः** खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्ने पदमध्ये ५५ प्रतिशत पदमा खुल्ला प्रतिस्पर्धा मार्फत र बााकी ४५ प्रतिशत पदमा सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेद्‌वारका बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

| | |
|---|---|
| (क) महिला | - ३३ प्रतिशत |
| (ख) आदिवासी/जनजाति | - २५ प्रतिशत |
| (ग) मधेशी | - २० प्रतिशत |
| (घ) दलित | - १३ प्रतिशत |
| (ङ) मुस्लिम | - ५ प्रतिशत |
| (च) सिमान्तकृत | - ४ प्रतिशत |

**स्पष्टीकरण :**

(१) यस कार्यविधिको प्रयोजनको लागिमहिला, आदिवासी जनजाति, मधेसी र दलित भन्नाले आर्थिक र समाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, दलित, मधेशी र मुस्लिमलाई सम्झनुपर्छ ।

(२) उपनियम (१) बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, दलित, मुस्लिम र मधेसी समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएबमोजिम हुनेछ। तर त्यसरी नतोकिए सम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति, मधेसी र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(३) नियम (१०)बमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहाय बमोजिमका प्रमाण संलग्न हुनु पर्नेछ ।

(४) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति बाहेक अन्यको हकमा आदिवासी/जनजातिको लागि सम्बन्धित निकायबाट जनजाति भनी प्रमाणित भएको ।

(५) मधेसी तथा दलितको लागि सम्बन्धित निकायबाट मधेसी, दलित भनी प्रमाणित भएको ।

(६) नियम (१०) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घतांक (फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सो भन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(७) नियम (१०) बमोजिम छुट्याइएको पदमा समावेशी प्रणाली मार्फत पदपूर्ति हुन नसकेमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेद्वार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी अपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागीभई उत्तीर्ण भएका उम्मेद्वारबाट पूर्ति गरिनेछ ।

**११. खुल्ला प्रतियोगितामा भागलिन सक्ने व्यक्तिहरुको योग्यताः** नगर प्रहरी पदको लागि खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्ति उम्मेद्वार बन्न सक्नेछन् ।

१) उमेर र शिक्षा :

(क) नगर प्रहरी जवान :

उमेर : दरखास्त बुझाउने अन्तिम म्यादसम्म १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको ।

शिक्षा : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको ।







(ख) नगर प्रहरी सहायक निरिक्षक

उमेर : दरखास्त बुझाउने अन्तिम म्यादसम्म १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको ।

शिक्षा : मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तहवा सो सरह उत्तीर्ण गरेको ।

(ग) नगर प्रहरी निरिक्षक

उमेर : दरखास्त बुझाउने समयसम्म सेवानिवृत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी कर्मचारी ४५ वर्ष ननाघेको ।

शिक्षा : मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

(२) नेपाली नागरिक

(३) कुनै पनि राजनीतिकदलको सदस्य नरहेको ।

(४) कुनै विध्वंसात्मक संस्थाको सदस्य नरहेको ।

(५) स्वीकृत प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(६) आखामा ईनस २ वा प्लस टु भन्दा बढी कमजोर नभएको ।

(७) छाती कम्तिमा नफुलाउादा ३० ईन्च र पुलाउादा ३२ ईन्च भएको (पुरुषको हकमा) र छाती कम्तिमा नफुलाउादा २७ ईन्च र फुलाउादा २९ ईन्च भएको (महिलाको हकमा),

(८) नैतिकपतन देखिने कुनै फोजदारी अभियोगमा सजाय नपाएको ।

(९) उचाई महिलाको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ ईन्च हुनुपर्ने ।

(१०)तौल पुरुषको हकमा ५० के.जी. र महिलाको हकमा ४५ के.जी. हुनुपर्ने ।

(११)प्रहरी निरिक्षकको पदमा आवेदन दिने आवेदन अनिवार्य सेवानिवृत भएको, सेवामा रहदा कम्तिमा प्रहरी सहायक निरिक्षक वा सो सरह पदमा काम गरेको अनुभव भएको, भगौडा प्रहरी नभएको ।

(१२)नगर प्रहरी हवल्दारको पद बढुवा प्रक्रियाद्धारा मात्र पदपूर्ति गरिनेछ ।

## परिच्छेद-५

**१२. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ८ मा उल्लेखित काम, कर्तव्य र अधिकार अतिरिक्त नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(१) नगरपालिकाको नीति, कानुन, मापदण्ड र निर्णय कार्यान्वयन गर्ने ।
(२) नगरपालिकाको सम्पत्तीको सुरक्षा र संरक्षण गर्ने ।
(३) स्थानीयबजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।
(४) नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने ।
(५) भेरीगंगा नगरपालिकाले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने ।
(६) सामाजिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण र सुरक्षा गर्ने ।
(७) विपत् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत र पुनःस्थापनाको कार्य गर्ने ।
(८) नगरपालिका क्षेत्रमा विना इजाजत ब्यानर, होडिङ बोर्ड, ग्लो साइनबोर्ड, नियोन साइनबोर्ड लगायतका अन्य विज्ञापन सामग्री राखेको पाइएमा तत्काल इजाजत लिन लगाउने र नमानेमा जरिवानाको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष आवश्यक सिफारिस गर्ने ।
(९) छाडा पशु चौपाया पक्राउ गरी लिलाम गर्ने आदेश भएमा लिलाम गर्ने र लिलाम हुन नसकेका छाडा चौपायाहरुको व्यवस्थापन गर्ने/गराउने ।
(१०) नगरपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा, सार्वजनिक सम्पत्ती अतिक्रमण भएमा वा उजुरी परेमा घर नक्साशाखा साग समन्वय गरी नक्सापास भएको भए नक्सापास प्रमाणपत्रको प्रतिलिपि सहितको प्रतिवेदन कानुन महाशाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।
(११) सार्वजनिक आवागमनमा बाधा पुऱ्याइ राखेका निर्माण सामग्री, पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने तथा नमानेमा प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुसार आफैं हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्ने ।
(१२) नगरपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला नगरपालिकाको वातावरण तथा सरसफाईसाग समन्वय गरी तोकिएको निर्धारित स्थानमा राख्न लगाउने र अटेर गर्ने व्यक्ति, संस्था, कम्पनी, व्यवसायी, उद्योग आदिलाई आवश्यक कारवाहीको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।







(१३) सार्वजनिक जग्गा, बाटो, मठ मन्दिर, मस्जिद, गुम्बा, गुरुद्धार, उल, नाला चौक, पोखरी, तालमिचि कसैले घर, कम्पाउण्ड । टहरा वात्यस्तो अन्य कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेका छ छैन निरिक्षण गर्ने । निर्माण गरेको देखिएमा वा कुनै उजुरी परेमा नापीशाखासागको समन्वयमा निर्माण कार्य रोक्का गराई कानुन शाखाको रायसहित प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।
(१४) स्वास्थ्यका लागि हानिकारक चीज तथा सडेगलेका खाद्यपदार्थ विक्री वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चीज, वस्तु विक्रि गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने तथा कारबाही अभिलेख राखी पटक पटक यस्तो कार्य दोहोरिएको पाइएमा जरिवाना वा उक्त पसल बन्द गराउन राय साथ प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र प्राप्त आदेश अनुसारको कार्य गर्ने ।
(१५) रोगी वा कानुनले निषेध गरेका जीवजन्तु, पशुपन्छी काटमार गर्न नदिने र पशु स्वास्थ्यशाखासाग समन्वय गरी यस्ता पशुपन्छी तथा जीवजन्तुको मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवान समेत गर्न रायसाथ प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
(१६) नगर क्षेत्रमा खत्रा उत्पन्न हुने रुख भए आदेश अनुसार काटन लगाउने ।
(१७) वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसागको सहकार्यमा सरसफाई सुरक्षा तथा सामाजिक विकृती हटाउने कार्य गर्ने/गराउने ।
(१८) नगरपालिका, नगरसभा, नगर कार्यपालिका, विभिन्न समिति, उपसमितिबाट तर्जुमा गरेका नीति, ऐन, नियम, कानुन तथा निर्णयहरुको कार्यान्वयन गर्ने ।
(१९) इजाजतविना पेशा व्यवसाय गरेको फेला परेमा व्यवसाय दर्ता, नविकरण गर्न लगाउने ।
(२०) नगर कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।
(२१) नगर प्रहरीको अन्य काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-६

**१३. नगर प्रहरीको सुविधा :** प्रचलित ऐन, नियम, कानुन नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**१४. विदा :**

(१) विदा अधिकारको विषय होइन, सुविधामात्र हो ।

(२) साविकमा स्थायी सेवामा नियुक्त नगर प्रहरी कर्मचारीहरुको हकमा प्रचलित नियम अनुसार र करार सेवामा कार्यरत नगर प्रहरी कर्मचारीहरुको विदा सम्बन्धी सम्पुर्ण व्यवस्था करार सम्फौतामा उल्लेख भएबमोजिम हुनेछ । विदा स्वीकृत नगरी कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी (अस्थायी तथा करार) गयल भएको मानिनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि काबु बाहिरको परिस्थिति आई विदा स्वीकृत गर्न सम्भव थिएन भने मनासिव कारण पेश गरेमा प्रमुख प्रशासकीय अधिकृतले निज कर्मचारी फर्किएपछि विदा स्वीकृत गर्न सक्नेछ ।

(४) कामको अनुकूल हेरी विदादिने अधिकारीले आफ्नो तजबिजबाट विदादिन अथवा नदिनपनि सक्नेछ । साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछन् ।

(५) नगर प्रहरी चौविसै घण्टा भेरीगंगा नगरपालिकाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहनेछ ।

**१५. तालिम :** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन भेरीगंगा नगरपालिका नगर कार्यपालिकाले नेपाल प्रहरीसाग आवश्यक समन्वय गरी निर्धारण गरेबमोजिम तालिम संचालन हुनेछ । नगर प्रहरी कर्मचारीहरुको पुनर्ताजगी तालिम समेत विभिन्न निकायहरुसाग समन्वयमा नगरकार्यपालिकाले समय समयमा संचालन गर्न सक्नेछ ।

## परिच्छेद-७

**१६. आचरण र अनुशासनः** भेरीगंगा नगरपालिकाका सम्पूर्ण नगर प्रहरी कर्मचारीहरुले देहायको आचरणको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

(१) दान, उपहार लिन नहुने ।

(२) चन्दा लिन नहुने ।







(३) स्वीकृतीविना चल, अचल सम्पत्ती खरिद गर्न नहुने ।

(४) सम्पत्ती विवरण दिनुपर्ने ।

(५) व्यापार व्यवसाय गर्न नहुने ।

(६) नगरपालिकाको कामको सिलसिलामा थाहा पाएका कुराहरु प्रकाशन र प्रशारण गर्न लगाउने ।

(७) रेडियो वा पत्रपत्रिकासाग सम्पर्क गर्न नहुने ।

(८) नगरपालिकाको आलोचना गर्न नहुने ।

(९) निर्वाचनमा भागलिन नहुने ।

(१०) राजनीतिमा भागलिन नहुने ।

(११) समय पालना नियमितता

(१२) अनुशासन र आज्ञापालन

(१३) नगर प्रहरी कर्मचारीले बाहिरि प्रभाव पार्न नहुने ।

(१४) बालविवाह, बहुविवाह, अनमेल विवाह, प्रतिबन्ध आदि ।

## परिच्छेद-८

**१७. सजाय र पुनरावलोकनः**

(क) उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिने छ :

(१) शारिरीक थकाई हुने सजाय गर्न ।

(२) नसिहत दिने ।

(३) तलबबृद्धि वा पदोन्नती रोक्का गर्ने ।

(४) तल्लो तहमा घटुवा गर्ने ।

(५) लापरबाहि गरी नगरपालिकालाई नोक्सानी पुऱ्याएमा सम्पुर्ण वा आंशिक रुपमा तलब भत्ता/ घरघरानाबाट कट्टा गरी असुल उपर गर्ने ।

(६) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरि सेवाबाट बर्खास्त गर्ने ।

(७) भविष्यमा स्थानिय तहमा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

(ख) सजाय गर्ने अधिकारीः नगर प्रहरी कर्मचारीको सजाय सम्बन्धमा उपनियम

(१) बमोजीमको सजाय प्रमुख प्रशासकिय अधिकृतले गर्न सक्नेछ । तर कुनै नगर प्रहरी कर्मचारीलाई कारबाहि गर्नुअघि निजलाई सफाई गर्नै अवसरबाट बञ्चित गरिने छैन ।

## परिच्छेद-९

**१८. पोशाक :** १. नगर प्रहरीको पोशाकको रंग, किसम र अन्य विवरण नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

२. प्रत्येक नगर प्रहरी कर्मचारीलाई अन्य कर्मचारी सरह पोशाक भत्ता उपल्बध गराईने छ ।

३. तोकिएको पोशाक सम्पुर्ण नगर प्रहरी कर्मचारीले अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

**१९. प्रशासन र नगर प्रहरी बिचको सम्बन्ध :**

१. नगर प्रहरी नगरपालिका प्रशासनको प्रत्यक्ष नियन्त्रणमा रहने नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी प्रमुख प्रशासकिय अधिकृत वा निजले बिषयगत अधिकार तोकेको अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन ।

२. नगर प्रहरी प्रमुखमार्फत पत्राचार आदेशको कार्यान्वयन गरिने : नगर प्रहरीलाई पत्राचार तथा आदेश गर्दा प्रमुख प्रशासकिय अधिकृतको आदेश कमोजीम नगर प्रहरी प्रमुखमार्फत गरिनेछ ।

३. कारबाहि गर्दा परामर्श लिन सकिनेः कुनैपनि नगर प्रहरी कर्मचारीलाई अनुशासनहिनताको कारबाहि गर्नु अघि नगर प्रहरी प्रमुखलाई नै अनुशासनहिनताको कारबाहि गर्दा सो परामर्श आवश्यक पर्ने छैन ।

## परिच्छेद-१०

**२०. विविध :**

ऐन र यस कार्यविधिको परिधिभित्र रहि देहायका विषयहरुमा नगर प्रहरी प्रमुखले प्रशासकिय अधिकृतको प्रत्यक्ष आदेश तथा निर्देशनबमोजीम आदेश तथा निर्देशन जारी गर्नुपर्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय ।

(ख) मातहतका कर्मचारीहरुसंग आवश्यक समन्वय गर्ने बिषय ।

(ग) कार्यविधिमा स्पष्ट नभएको विषय सम्बन्धमा प्रमुख प्रशासकिय अधिकृत समक्ष राख्ने विषय ।

(घ) विभागीय अनुशासन सम्बन्धि विषय ।







**२१. पुरस्कारः** यस नगरपालिका नगर प्रहरी कर्मचारीहरुमध्येबाट उत्कृष्ट कार्य सम्पादन गर्नै नगर प्रहरीलाई कार्यपालिकाको सिफारिसको आधारमा नगर सभाबाट पुरस्कार गर्न सकिनेछ ।

**२२. चाडपर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको प्रत्येक बर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

## परिच्छेद-११

**२३. बाधा अड्काउ फुकाउ :** यस नगरपालिकामा कार्यरत स्थाई नगर प्रहरी कर्मचारीहरुको हकमा प्रचलित नियमानुसार तथा अन्य नगर प्रहरी कर्मचारीहरुको हकमा यसै कार्यविधिबमोजीम हुनेछ । यस कार्यविधिमा व्यवस्थान भएका विषयहरुको हकमा नगर कार्यपालिकाको बैठकको निर्णयानुसार बाधा अड्काउ फुकाउ गर्न सकिनेछ ।

**२४. कार्यविधि संसोधन :** यस कार्यविधिको संसोधन भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको बैठकबाट हुनेछ ।

आज्ञाले
**जगतबहादुर बस्नेत**
**प्रमुख प्रशासकीय अधिकृत**